**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**प्रेस विज्ञप्ति - २०६३ कात्तिक २५**

## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तद्वारा संभौताको स्वागत

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरले सात दल गठबन्धन र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच कात्तिक २२ गते भएको संभौतलाई द्वन्द्वको अन्त्य गर्ने र मानवअधिकारप्रतिको सम्मानलाई मजबुत पार्नेतर्फको एउटा अति आवश्यक कदमको रूपमा आज स्वागत गर्नुभयो ।

"यो संभौताले शान्ति प्रक्रिया र लोकतान्त्रिक सङ्क्रमणका लागि जग खडा गर्दछ, जसको केन्द्रमा सबै नेपालीका मानवअधिकारको संरक्षण र प्रबर्द्धन हुनुपर्दछ । उहाँले भन्नुभया, "उक्त पक्षहरूले दुर्व्यवहारको अन्त्य गर्न आफ्ना प्रतिबद्धताहरूलाई सार्थक कार्यमा परिणत गर्न अति आवश्यक छ ।"

नेपालका लागि दण्डहीनताको अन्त्य गर्ने कार्य सबैभन्दा ठूला मानवअधिकार चुनौतीहरूमध्ये एक रहेको छ । त्यसैले, उच्चायुक्तले एउटा उच्चस्तरीय सत्य तथा मेलमिलाप आयोग गठन गरिने घोषणाको स्वागत गर्नुभयो ।

"सत्य तथा मेलमिलाप आयोग विगतमा भएका मानवअधिकार उल्लङ्घनहरूका लागि जवाफदेहीताको सम्बोधन गर्न र द्वन्द्व उब्जाउने कारणहरूमा केन्द्रित हुन एउटा महत्वपूर्ण संयन्त्र हुन सक्दछ, उच्चायुक्तले भन्नुभयो, "यसले घाउ र सामाजिक विभाजनलाई निको पार्न एवं न्याय तथा हर्जाना प्राप्त गर्ने पीडितका अधिकारहरू स्वीकार गर्न पनि सहयोग गर्न सक्छ । प्रभावकारी हुनका लागि आयोग स्वतन्त्र र निष्पक्ष हुनु तथा यसको कार्यादेश र आयुक्तहरूको बनोटबारे व्यापक सार्वजनिक परामर्शपछि मात्र यसलाई स्थापित गरिनु अति आवश्यक छ । साथै, कानुनी शासनमा समुदायको विश्वास पुनःस्थापना गर्न तथा भविष्यमा दुर्व्यवहार हुन नदिन गम्भीर मानवअधिकार उल्लङ्घनहरूका लागि अभियोजनहरू पनि हुनु महत्वपूर्ण छ ।"

मानवअधिकार प्रबर्द्धन र संरक्षणका सबै पक्षमा नेपालीहरूलाई सहयोग गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै उच्चायुक्त लुइस आर्वरले भन्नुभयो : "सम्बन्धित पक्षहरूले उच्चायुक्तको कार्यालयले देशभर मानवअधिकार स्थितिको अनुगमन गर्ने कार्यलाई जारी राखोस् भन्ने अनुरोध गरेका छन् र म यो कामप्रति मेरो कार्यालयलाई पुनः प्रतिबद्ध गराउन खुशी छु । नेपालस्थित मेरो नयाँ प्रतिनिधि लेना सुन्ध यो महत्वपूर्ण कार्यमा नेतृत्व गर्न आगामी हप्ता नेपाल आइपुग्नु हुनेछ ।"

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org